नेपाल सरकार
# विज्ञापन बोर्ड
बबरमहल, काठमाडौं

प.सं. :- ०८२/८३
च.नं. :- ३५६

मिति :- वि.सं. २०८२/११/१२
ने.स. :- ११४६ चिल्लाथ्व, ७ मंगलवार

**विषयः विज्ञापन रहित (क्लिन फिड) प्रसारणसम्बन्धी सूचना।**

नेपालमा डाउन लिङ्क अनुमति लिई प्रसारण भएका कतिपय विदेशी च्यानलहरुले विज्ञापन सहित प्रसारण गरिरहेको र त्यस्ता च्यानल विरुद्ध बोर्डमा उजुरी प्राप्त भई सम्बन्धितलाई पत्राचार समेत गरिएको छ। डाउन लिङ्क अनुमति प्राप्त गरी वा नगरी विज्ञापन सहित प्रसारण गर्नु प्रचलित कानून बिपरीत भएको व्यहोरा अवगत नै छ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ६ को उपदफा (१) मा नेपालमा प्रसारण हुने विदेशी टेलिभिजन च्यानलहरुले विज्ञापन रहित (क्लिन फिड) प्रसारण गर्नुपर्ने, तथा केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ दफा ७१ बाट विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को को दफा १५ (च) संशोधन भइ विदेशी च्यानहरुबाट विज्ञापनरहित प्रसारण भए वा नभएको अनुगमन गरी कारबाही गर्ने अधिकार विज्ञापन बोर्डमा रहेको तथा ऐनको दफा ६ बमोजिमको कसूर गर्ने गराउने व्यक्तिलाई ऐनको दफा २५(३)(ख) बमोजिम पाँच लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको छ।

उल्लेखित व्यवस्था बमोजिम विज्ञापन रहित (क्लिन फिड) प्रसारण गर्न गराउन सम्पूर्ण वितरक, Multi System Operator (MSO), Local Cable Operator (LCO) तथा सरोकारवालाहरुलाई अनुरोध छ।

डाउन लिङ्क अनुमति प्राप्त च्यानलहरुले विज्ञापन सहित प्रसारण गरे/गराएको पाइएमा उल्लिखित कानूनी व्यवस्था बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Devi Pandey Khatri
devipandey2039@gmail.com

(देवी पाण्डे (खत्री))
प्रमुख प्रशासकीय अधिकृत

इमेलः info@adboard.gov.np फोन नं: +९७७ ०१५९०९३४४ वेबसाइटः https://adboard.gov.np/

about:blank